STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत २० गते आइतबार ❑ 3 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## भारत-नेपाल सम्बन्ध विश्वमै उदाहरणीय छः प्रधानमन्त्री मोदी

**रासस**
**काठमाडौं, १९ चैत**

भारतका प्रधानमन्त्री नरेन्द्र दामोदरदास मोदीले भारत-नेपाल सम्बन्ध विश्वमै अनुपम उदाहरणका रूपमा विकास भइरहेको बताउनुभएको छ ।

दुवै देशका प्रधानमन्त्रीले नेतृत्व गर्नुभएको प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्तापछि आयोजित पत्रकार सम्मेलनलाई नयाँदिल्लीस्थित हैदरावाद हाउसमा सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले भारत र नेपालको मैत्री, दुई देशका जनताबीचको सम्बन्ध एउटा अनुपम उदाहरणका रूपमा रहेको र त्यस्तो सम्बन्ध विश्वका अन्य कुनै पनि देशमा नदेखिएको बताउनुभएको हो । भारत र नेपालको सभ्यता, संस्कृति र पारस्परिक सम्बन्ध आदानप्रदानको डोरी प्राचीनकालदेखि जोडिएको बताउँदै उहाँले भन्नुभयो, "अनादिकालदेखि हामी एकअर्काका सुखदुःखका साथी हौं ।" प्रधानमन्त्री मोदीले नवरात्र प्रारम्भ भएको पवित्र दिन नेपालका प्रधानमन्त्रीलाई नयाँदिल्लीमा स्वागत गर्न पाउँदा आफूलाई खुसी लागेको बताउँदै



नेपाल र भारतका नागरिकहरूमा नवरात्रको शुभकामना पनि व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री देउवा भारतका पुराना मित्र हुनुहुन्छ भन्दै उहाँले भारत-नेपाल सम्बन्धलाई उन्नत एवं गतिशील तुल्याउन श्री देउवाले निर्वाह गर्नुभएको भूमिकाको मुक्तकण्ठले प्रशंसा गर्नुभयो । आफ्नो पहिलो कार्यकालदेखि नै 'छिमेक पहिले' अर्थात् छिमेकीसँगको सम्बन्धलाई पहिलो प्राथमिकतामा राख्नुभएका भारतका प्रधानमन्त्री मोदीले नेपालसम्बन्धी भारतको नीति आत्मीयताले प्रेरित छ भन्नुभयो । नेपालको शान्ति, प्रगति र विकासको यात्रामा सघाउन भारतको प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो । प्रधानमन्त्री देउवा नेतृत्वको प्रतिनिधिमण्डलसँग बहुआयमिक भारत-नेपाल सम्बन्धका सबै पक्षमा छलफल र समीक्षा भएको जानकारी दिँदै प्रधानमन्त्री मोदीले ऊर्जा क्षेत्रमा साझेदारी र सहकार्य गर्न दुवै देश सहमत भएका बताउनुभयो । दुई दशकभन्दा लामो समयदेखि गतिहीन बनेको पञ्चेश्वर बहुद्देश्यीय परियोजनालाई द्रुतगतिमा अघि बढाउने प्रतिबद्धता पनि उहाँले दोहोऱ्याउनुभयो ।

नेपालमा उत्पादित विद्युत् भारतले खरिद गर्ने, स्वच्छ ऊर्जा प्रवर्द्धनमा भारतले सघाउने, नेपालले भोल्नु परेका व्यापार घाटा कम गर्न आवश्यक प्रयास गरिने बताउँदै उहाँले आजदेखि सञ्चालनमा आएको जयनगर-कुर्था रेल सेवाले दुई देशका जनताबीचको सम्पर्क र सम्बन्धलाई अझ सघन तुल्याउने विश्वास व्यक्त गर्नुभयो ।

भारत र नेपालबीचको खुला सिमानाको दुरुपयोग नहोस्भन्नेतर्फ आफूहरू सचेत रहेको तथा त्यस सम्बन्धमा पनि आफूहरूले छलफल गरेको जानकारी दिँदै भारतका प्रधानमन्त्रीले धार्मिक पर्यटन प्रवर्द्धनका लागि रामायण परिपथको विकास, नेपालगञ्जमा एकीकृत जाँच चौकी निर्माण, नेपाल प्रहरीलाई समयानुकूल तालिम दिने प्रहरी प्रशिक्षण प्रतिष्ठान निर्माणमा भारत-नेपाल साझेदारी हुने बताउनुभयो । काठमाडौंको पशुपतिनाथ र वाराणसीको काशीविश्वनाथका कारण दुई देशबीचको सम्बन्ध अनादिकालदेखि विशेष रहेको प्रसङ्ग जोड्दै उहाँले प्रधानमन्त्री देउवाले आइतबार गर्नुहुने काशीविश्वनाथको यात्रा फलदायी रहोस् भन्ने कामना पनि गर्नुभयो ।

## लोकतन्त्रमा सुशासन, पारदर्शिता र जवाफदेहिता आवश्यक : नेता कोइराला

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

नेपाली कांग्रेसका नेता शेखर कोइरालाले लोकतन्त्रमा सुशासन, पारदर्शिता र जवाफदेहिता आवश्यक हुने बताउनुभएको छ ।

प्रजातान्त्रिक विचार समाज कास्कीको नवौं अधिवेशन तथा आवधिक निर्वाचन, प्रजातन्त्रको सुदृढीकरण र आर्थिक विकास विषयक गोष्ठीमा उहाँले सुशासन, पारदर्शिता र जावफदेहिता लोकतन्त्रका आधारभूत सर्त भएको बताउनुभयो । आवधिक निर्वाचन, प्रजातन्त्रको सुदृढीकरण र आर्थिक विकास एक अर्कासँग अन्तरसम्बन्धित रहेको उल्लेख गर्दै उहाँले समृद्धिका लागि आर्थिक सुशासनसँगै उत्पादन बढाउनेतर्फ लक्षित हुनुपर्नेमा जोड दिनुभयो । देशको क्रय शक्तिले धान्ने अवस्था नरहेको उल्लेख गर्दै उहाँले रु १८ खर्बको व्यापार घाटा गम्भीर विषय भएको बताउनुभयो । सरकार सञ्चालन र निर्वाचनको तालमेल फरक विषय भएको बताउँदै उहाँले तालमेलसँग जोडिएका धेरै विषय र त्यसले आगामी दिनमा पार्टी सङ्गठनमा पार्ने प्रभावलगायत विषयमा गम्भीर समीक्षा गरेर बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो । नेपाली कांग्रेसका केन्द्रीय



सदस्य मधु आचार्यले जनताका मुद्दालाई सम्बोधन गर्ने गरी कांग्रेस लाग्नुपर्ने जनाउँदै प्रजातान्त्रिक विचार समाजले पार्टीले लिनुपर्ने नीति, विचार लगायतमा बहस र छलफल गराउनुपर्ने बताउनुभयो ।

प्रजातान्त्रिक विचार समाजका केन्द्रय अध्यक्ष डा केदारनर सिंह केसीले आर्थिक विकास भएमा प्रजातन्त्रको सुदृढीकरण हुनसक्ने उल्लेख गर्दै आवधिक निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष भएको बताउनुभयो । समाजका वरिष्ठ केन्द्रीय उपाध्यक्ष कुलचन्द्र वाग्लेले समाजले लोकतन्त्रको सुदृढीकरणमा वैचारिक बहससँगै प्रकाशनलगायतका काम गर्दै आएको बताउनुभयो । कार्यक्रममा समाजका महासचिव गोकर्ण अर्याल, पूर्वमन्त्रीद्वय, यज्ञबहादुर थापा र महादेव गुरुङ, पोखरा विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्याल, कास्की कांग्रेसका सभापति किशोरदत्त बराल, प्रजातन्त्रवादी प्राध्यापक सङ्घका कमलराज सापकोटा, ट्रेड युनियन कांग्रेस कास्कीका सभापति विजयराज भण्डारी, प्रजान्त्रिक विचार समाज कास्कीका अध्यक्ष प्रा डा गिरीधारी शर्मा, उपाध्यक्ष डा वीरबहादुर कार्की, सचिव शिशुकला पराजुलीलगायतले बोल्नुभएको थियो । प्रजातान्त्रिक विचार समाजका केन्द्रीय समितिका पदाधिकारीले शनिबार गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसँग भेट गर्नुभएको छ । मुख्यमन्त्रीको सरकारी निवासमा भएको भेटमा समाजका केन्द्रीय अध्यक्ष डा केसीले लोकतन्त्रको सवलीकरणमा समाजले वैचारिक बहससँगै छलफल अन्तरक्रिया एवं प्रकाशन गर्दै आएको जानकारी गराउनुभयो । भेटमा आसन्न निर्वाचन, दलहरूबीचको गठबन्धन र त्यसले पार्ने प्रभावलगायत विषयमा छलफल भएको थियो । उक्त अवसरमा समाजका वरिष्ठ उपाध्यक्ष वाग्ले, महासचिव अर्याललगायतको उपस्थिति थियो ।

## मुख्यमन्त्रीद्वारा काहुँडाँडा खानेपानी आयोजना उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पोखरा महानगर ११, काहुँडाँडामा वृहत खानेपानी आयोजना शनिबार उद्घाटन गरेका छन् । प्रदेश सरकारको लगानीमा निर्माण सम्पन्न भएको कालीखोला काहुँ धरहरा खानेपानी लिफ्टिङ आयोजनाको मुख्यमन्त्री पोखरेलले उद्घाटन गरेका हुन् ।

कार्यक्रममा मुख्यमन्त्री पोखरेलले प्रदेशभरका नागरिकलाई आधारभूत खानेपानी पुऱ्याउन सरकार प्रतिबद्ध रहेको र त्यसै अनुसार काम गर्दै आएको बताए । स्वच्छ खानेपानी नागरिकका मौलिक अधिकार रहेको भन्दै उनले प्रदेश सरकारले थालेको १ घर १ धारा अभियान अब सार्थकतामा पुक्ष्न लागेको बताए । २० औं वर्षसम्म आयोजना अलपत्र भएर नागरिकहरु खानेपानीबाट वञ्चित रहेको अवस्थामा काहुँमा निर्धारित समयमै काम सकिएकोप्रति उनले खुसी व्यक्त गरे । अहिले प्रदेशमा मात्र नभएर मुलुकभर लिफ्टङ प्रणालीका खानेपानी आयोजनाले प्राथमिकता पाए पनि विद्युत महसुलका कारण उपभोक्ता मारमा परेको उनको भनाइ थियो । प्रदेश सरकारले अहिले नै सबै आयोजनालाई विद्युत महसुल छुट दिन नसके पनि प्राथमिकता तोकेर क्रमश गर्दै जाने प्रतिबद्धता मुख्यमन्त्री पोखरेलले जनाएका छन् ।

मुख्यमन्त्री पोखरेलले पर्यटकीय सम्भावना बोकेको काहुँडाँडा र आसपासको क्षेत्रमा पर्यटक टिकाइराख्न थप पूर्वाधारको जरुरी रहेको भनाइ राखे । सीमिति स्रोत र साधानका बीच प्रदेश सरकारले जन अपेक्षा र प्रतिबद्धता अनुसार काम गर्दै आएको उनको भनाइ थियो । प्रदेश र स्थानीय तहका सरकारलाई संघले कम बजेट दिएकै कारण सोचे अनुसार आयोजनाहरु अगाडि बढाउन नसकिएको मुख्यमन्त्री पोखरेलको भनाइ थियो । आर्थिक वर्ष २०७५/७६ मा निर्माण सुरु भएको आयोजनाको लागत अनुमान ११ करोड ६७ लाख रहे पनि ७ करोड ८२ लाख रुपैयाँमा निर्माण सम्पन्न भएको हो । कालीखोलाबाट मोटरले पानी तानेर १/१ लाख लिटर क्षमताका ३ वटा ट्यांकी निर्माण गरिएको छ । आयोजना अन्तर्गत प्रतिसेकेन्ड १० लिटर पानी आपूर्ति हुने र ५ हजार ४ सय ३० उपभोक्ता लाभान्वित भएको खानेपानी डिभिजन कार्यालय स्याङ्जाका प्रमुख हरिप्रसाद तिमिल्सिनाले जानकारी दिए । उनका अनुसार सिल्टेसनका साथै निर्मलीकरण गरिएको भएको यसबाट वितरित पानी धाराबाट सिधै खान मिल्ने हुन्छ । कार्यक्रममा प्रदेशका कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापाले परिवर्तित राजनीतिक अवस्थासँगै बनेको गठबन्धन सरकारले विकास निर्माणका साथै सामाजिक क्षेत्रमा समेत प्रभावकारी काम गर्दै आएको बताए । आफ्नो निर्वाचन क्षेत्र रहेको रहेकाले काहुँ क्षेत्रको पूर्वाधारका लागि लगातार योजनाहरु परेर कार्यान्वयन समेत हुँदै आएको भनाइ उनको थियो । गण्डकी प्रदेश सभा सदस्य मीना गुरुङ, प्रदेशको ऊर्जा, खानेपानी तथा सिञ्चाइ मन्त्रालयको खानेपानी महाशाखा प्रमुख प्रेम डोटेल, वडाध्यक्ष मोहनप्रसाद बास्तोला लगायतले उक्त अवसरमा शुभकामना व्यक्त गरे । स्थानीय विष्णुप्रसाद आचार्य, कुमार क्षेत्रीले पानी लिफ्टिङका लागि धेरै बिजुली खर्च हुने भएकाले महसुलमा सहुलियत प्रदान गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराए । काहुँ धरहरा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति अध्यक्ष दीपकप्रकाश आचार्यले यस परियोजनाको पानीले मात्र पुऱ्याउन नसकिने भएकाले विगतदेखि नै सञ्चालन हुन्दै आएका ससाना ११ वटा योजना पनि सँगसँगै सञ्चालनमा रहेको बताए ।

## आवश्यकताका आधारमा निर्वाचनमा गठबन्धन : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, १९ चैत**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले आवश्यकताका आधारमा स्थानीय तह निर्वाचनमा गठबन्धन हुने बताउनुभएको छ ।

नेपाली कांग्रेस देवघाट गाउँ कार्यसमितिले शनिबार आयोजना गरेको प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले वैशाख ३० गते हुने निर्वाचनमा स्थानीयस्तरको आवश्यकताका आधारमा गठबन्धन हुने जिकिर गर्नुभयो । वरिष्ठ नेता पौडेलले निर्वाचनमा कांग्रेसका सबै उम्मेदवारले विजयी हासिल गर्नुपर्नेमा जोड दिँदै कांग्रेसबीच एकता र सहकार्य आवश्यक रहेको बताउनुभयो ।

कांग्रेसका केन्द्रीय सदस्य शङ्कर भण्डारीले देवघाटका सबै वडामा कांग्रेसका उम्मेदवारले जित्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "सबै वडामा कांग्रेसले जित्नुपर्छ, टिकटमा दाबी सबैको हुन्छ, टिकट एउटाले पाएपछि सबै एकढिक्का हुनुपर्छ ।" कांग्रेस केन्द्रीय सदस्य गोविन्द भट्टराई, जिल्ला सभापति जितप्रकाश आले लगायतले सम्बोधन गर्नुभएको थियो ।

## रेडियो अन्नपूर्णको रक्तदानमा १ सय ६० युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जले आयोजना गरेको २० औं बृहत रक्तदान कार्यक्रममा बर्षाका बाबजुद पनि १ सय ६० युनिट रगत संकलन भएको छ ।

नयाँ रक्तदाताहरुलाई रक्तदानप्रति आकर्षित गर्ने उद्देश्यले रेडियोले बार्षिक रुपमा आयोजना गर्दै आइरहेको बृहत रक्तदान कार्यक्रम अन्तर्गत 'रक्तदान म पनि गर्छु, नारासहित शनिबार रेडियोको प्राङ्गणमा आयोजना गरेको रक्तदानमा १ सय ३३ पुरुष



र २६ जना महिलाले रक्तदान गरेका छन् ती मध्ये ६५ जना नयाँ रक्तदाता रहेका छन् । कार्यक्रममा नेपाल स्वयंसेवी रक्तदाता समुह कास्कीका पूर्व अध्यक्ष तिर्थराज अवस्थीले ६८ औं पटक रक्तदान गरेका छन् । कार्यक्रमको गण्डकी प्रदेशका कानुन, संचार तथा प्रदेशसभा मामिला मन्त्री बिन्दुकुमार थापाले पहिलो रक्तदाता नवराज बास्तोलालाई ब्लड ब्याग हस्तान्तरण गरि कार्यक्रमको उद्घाटन गरेका थिए । कार्यक्रममा बोल्दै मन्त्री थापाले प्रदेश सरकारले गण्डकी प्रदेशभर रगत निशुल्क उपलब्ध गराउँदै आइरहेको बताए । रेडियोका संस्थापक अध्यक्ष विश्वशंकर पालिखेले रेडियोले आफ्नो स्थापनाकालदेखि नै सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान आयोजना गर्दै आइरहेको र यसलाई निरन्तरता दिने बताए । रेडियोका निर्देशक विजेश पालिखेले रक्तदानमा उत्साहपूर्ण सहभागि भएर रक्तदान गर्ने रक्तदाताहरुप्रति आभार व्यक्त गरे ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राईजिङ वाईनकिङ टी–२० कास्की लिग च्याम्पियन

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

अरण्यज्योति क्रिकेट क्लबलाई ५१ रनले पराजित गर्दै नवप्रवेशी क्लब राईजिङ क्रिकेट क्लब शनिबारीय टी–२० क्रिकेट लिगको च्याम्पियन बनेको छ । आफनो पाँचै खेलमा अपराजित रहँदै राईजिङ च्याम्पियन वाईनकिङ टी–२० कास्की अन्तरक्लबस्तरीय लिग च्याम्पियन बनेको हो ।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा पोखरा रंगशालामा शनिबार भएको अन्तिम खेलमा राईजिङले अरण्यज्योतिसँग प्रतिस्पर्धा गरेको थियो । टस जितेर व्याटिङ उत्रिएको राईजिङले ८ विकेटको क्षतिमा १३६ रन बनाएको थियो । अब्दुल खालिकले मिलन थापालाई बोल्ड आउट गरेपछि राईजिङको विकेट पतन शुरु भएको थियो । खालिकले ने सागर लामिछानेलाई क्याच आउट गरे । ७ रन ज ोड्ने क्रममा तीन विकेट गुमाईसकेको राईजिङलाई कप्तान अमृत गुरुङले सम्हालेका थिए । प्रदीप पौडेलको बलमा आउट हुनु अघि अमृतले ४२



रनको पारी खेले । नविन पौडेल पनि १ रनमै रनआउटको शिकार भएपछि धर्मराएको राईजिङलाई कप्तानी इनिङ खेल्ने क्रममा ५ चौका र १ छक्का हिर्काउँदै ४२ रन बनाए ।

भीमसेन थापाले केवल ६ रनको योगदान दिदाँ सातौ नम्बरमा आएका विश्वास दुलालले १५ रन बनाए । आठौं नम्बरमा आएका कृष्ण पौडेलले ३६ रनको योगाद दिए । पौडेलले २ चौका हिर्काए । १९ बल खेले । निरज गुरुङले अविजित १० बनाउँदा विशाल रिमालपनि ८ रनमा अविजित रहे । बलिङ तर्फ अब्दुलले ३ ओभरमा १५ रन दिएर ३ विकेट लिदाँ मुकेश गुप्ताले ३ ओभरमा २९ रन दिए २ विकेट लिए ।

१३७ रनको लक्ष्य पछ्याएको अरण्यज्योति क्रिकेट क्लब भने ८५ रनमा समेटिन पुग्यो । अमृत गुरुङले ४ ओभरमा १० रन खर्चिएर ५ विकेट लिएपछि अरण्यज्योति सस्तैमा समेटिन पुग्यो । अरण्यज्योतिका व्याटरले दोहोरो अंकको रन जोड्न सकेनन् । मुकेश गुप्ता ६ रनमा अविजित रहँदा दिवस गिरी ६ रनमै आउट भए । त्यो नै अरण्यज्योतिका लागि सर्वाधिक रन थियो । मोहम्मद खालिदले ५ रन बनाए । यसअघि भएको प्रतिस्पर्धामा कास्की क्रिकेट क्लबले पोखरा क्रिकेट क्लबलाई पराजित गरेको थियो । पोखरा क्रिकेट क्लबले दिएको ६२ रनको लक्ष्यलाई कास्की क्रिकेट क्लबले ७ विकेटले पराजित गरेको थियो । कास्की क्रिकेट क्लबका कप्तान एवं ओपनर विष्णु शर्माले अविजित ३७ रनको योगदान दिएपनि जित सहज भएको थियो । सोहेल कुँवरले २० रन बनाएका थिए ।

नौ हप्ता चलेको प्रतियोगितामा म्यान अफ दि सिरिज राईजिङ क्रिकेट क्लबका कप्तान अमृत गुरुङ घोषित भए । बेष्ट व्याट्सम्यान पोखरा क्रिकेट क्लबका अनिल गुरुङ, बेष्ट बलर राईजिङ क्रिकेट क्लबका अमृत गुरुङ घोषित भए । उनीहरुलाई प्रादेशिक क्रिकेट संघ गण्डकी प्रदेशका अध्यक्ष देवेनसन प्रजु, कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सन्जयकान्त सिग्देल, संघका कोषाध्यक्ष विरेन पुन, सदस्य एवं सेलेक्टर रमेशकुमार सिंह लगायतले पुरस्कार प्रदान गरेका थिए ।

# १५ औं बिटी कप जारी, सार्दीखोलामाथी धम्पुसको सँघर्षपूर्ण जित

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**



पोखरा १ बगरस्थित पुरानो टुडिखेलमा जारी १५ औं संस्करणको बिटी कप पाँचौ बिरेन स्मृति सेभेन ए साईड फुटबल प्रतियोगितामा शनिबार ९ खेल सम्पन्न भएका छन् ।

बुद्धटोल युवा क्बलको आयोजनामा जारी प्रतियोगितामा शनिबार भएको पहिलो खेलमा हेम्जा युवा क्लबलाई हेम्जा युनाईटेडले ४–१ गोल अन्तरले पराजिगत गर्यो । युनाईटेडको जितमा मनिस थापाले प्रतियोगिताकै पहिलो ह्याट्रिक गरे भने सुमन सुनारले एक गोलको योगदान दिए । बिटी क्लबका अध्यक्ष विजया गुरुङका अनुसार आयोजक सेतो र हिमालयन मेलवर्न बिच भएको दोस्रो खेल निर्धारित समयमा १–१ गोलको बराबरीमा सकिएपछि टाईबेकरमा २–१ गोल अन्तरले आयोजक सेतो विजयी बन्यो ।

त्यसैगरी तेस्रो खेलमा ताङ्बे एफसीलाई पाटन एफसीले २–१ गोल अन्तरले पराजित गर्दै दोस्रो चरणमा प्रवेश गर्यो पाटको जितमा दिपु गुरुङ र सफल आचार्यले समान १ गोलको योगदान दिए भने ताङ्बे एफसीको तर्फबाट दुर्गा थापाले सान्त्वना एक गोल फर्काए । चौथो खेलमा सराङ्कोट सेवा समितिलाई सिम्पानी एफसीले ४–० को फराकिलो गोल अन्तरले सहज जित निकाल्यो । सिम्पानीको जितमा सगुन शर्माले (प्रतियोगिताको दोस्रो ह्याट्रिक) ४ गोल गरे । पाँचौ खेलमा कमल पोखरी एफसीलाई मसिना एफसीले ३–० गोल अन्तरले सहजै पराजित गर्यो । मसिनाको जितमा दिपेश श्रेष्ठ, सिद्धान्त गुरुङ र प्रताप गुरुङले समान १/१ गोल गरे । छैटौं खेलमा राम एफसीको अनुपस्थितिमा तारा एफसी वाक ओभर मार्फत विजयी बन्यो । सातौ खेलमा लाँलीगुँरास क्लब धम्पुसले सार्दीखोला एफसीलाई २–१ गोल अन्तरले हरायो । धम्पुसको जितमा नितस गुरुङ र दिपेश क्षेत्रीले समान १/१ गोल गरे भने सार्दीखोलाको तर्फबाट विरेन्द्र भुजेलले सान्त्वना एक गोल फर्काए ।

आठौं खेलमा हाम्रो एफसीले याम्दी एफसीलाई ४–१ गोल अन्तरले सहज जित निकाल्यो । हाम्रो एफसीको जितमा तुनतुन गुरुङले प्रतियोगिताकै तेस्रो ह्याट्रिक गरे भने सहिल गुरुङले एक गोलको योगदान दिए । याम्दीको लागि शिव पुनले सान्त्वना एक गोल फर्काए । शनिबार सम्पन्न अन्तिम खेलमा आयोजक हरियोलाई रफ गाईजले १–० गोल अन्तरले सँघर्षपूर्ण जित निकाल्यो । रफ गाईजको जितमा प्रिसन गुरुङले निर्णायक गोल गरेका थिए ।

आइतबार समेत पहिलो चरणकै ९ खेल सञ्चालन हुनेछ । आयोजकका अनुसार प्रतियोगिताको विजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ५१ हजार १ सय ५१ रुपैया प्राप्त गर्नेछ । त्यसैगरी उपविजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित ९१ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्नेछ । भने सो प्रतियोगिताबाट सर्वोत्कृष्ट हुने खेलाडीलाई ट्रफि सहित ७ हजारद्वारा पुरस्कृत गरिनेछ । यसैगरी उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई समान ५/५ हजार रुपैयाँ र ट्रफि प्रदान गरिने छ भने अनुशासित टिमलाई ८ हजार र ट्रफि प्रदान गरिने छ आयोजकले जनाएको छ ।

# एशिया कप ट्रायथलनमा पुरुषतर्फ जापानका गेन्टा र महिलातर्फ काजाकिस्तानका एकटेरिनालाई स्वर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

पोखरामा शनिबार सम्पन्न भएको ‘एशिया कप ट्रायथलन तथा दक्षिण एशिया च्याम्पियनसीप’मा पुरुषतर्फ जापानका गेन्टा भिसिइडाले स्वर्ण पदक हात पार्दा महिलातर्फ काजाकिस्तानका एकटेरिनाले स्वर्ण पदक जितेकी छन् ।

नेपाल ट्रायथोलन सङ्घको आयोजनामा पर्यटकीय नगरी पोखरामा शुक्रबार सम्पन्न भएको उक्त प्रतियोगितामा पुरुषतर्फ गेन्टाले ७५० मिटर पौडी ,२० किमी साईक्लिङ र पाँच किमी दौड ५३ मिनेट १४ सेकेण्डमा पूरा गर्दै स्वर्ण पदक हात पार्न सफल भएका हुन् । त्यसै गरी पुरुषतर्फ जापानकै क्योटारो ओसिकावाले ५३ मिनेट २२ सकेण्डमा दुरी पार गरी दोश्रो र अष्ट्रियाका लियोन पावगरले ५३ मिनेट ३६ सेकेण्डमा निर्धारित दूरी पार गरी तेश्रो भए । त्यस्तै काजाकिस्तानका एकटेरिनाले महिला तर्फको प्रतिष्पर्धामा फेवातालमा ७५० मिटर पौडी सहित २० किमी साईक्लिङ र पाँच किमी दौड १ घण्टा दुई मिनेट २० सेकेण्डमा पार उपाधि जितेकी हुन् । जापानकी हिराकु हुकुओकाले एक घण्टा दुई मिनेट ५३ सेकेण्डमा पारी दोश्रो र काजाकिस्तानका नाजिन्दा बेकमागनले एक घण्टा चार मिनेट १४ सेकेण्डमा निर्धारित दुरी पार गरी तेश्रो भइन् ।

यसैबिच, दक्षिण एशियाली ट्राइयाथलन च्याम्पियनसिप तर्फको उपाधी भारतका आदर्श मुरलीधरण नायर सिनिमोल हात पार्दा सोही बिधाको महिला तर्फ प्रज्ञा मोहनले उपाधि जितेकी छन्। आदर्शले निर्धारित दुरी ५९ मिनट १० सेकेन्डमा पार गरी प्रथम भए भने महिला तर्फ प्रज्ञाले निर्धारित दुरी १ घन्टा ६ मिनट २२ सेकेन्डमा पार गरी उपाधि जितकी हुन् । राष्ट्रिय तर्फको प्रतिस्पर्धामा नेपाली सेनाका बशन्त थारु र एपिएफकी सोनी गुरुङ्गले प्रथम स्थान हासिल गर्न सफल भए । थारुले १ घन्टा ३ मिनट २ सेकेन्डमा निर्धारित दुरी पुरा गर्दा सोनीले १ घन्टा ११ मिनट १७ सेकेन्डमा उक्त पार गरेकी हुन्। दोश्रो भएका दिपेश चौधरीले १ घन्टा ५ मिनट ६ सेकेन्ड र तेश्रो भएका मुकेश थारुले १ घन्टा ७ मिनट ५५ सेकेन्डमा उक्त दुरी पुरा गरे । त्यस्तै महिला तर्फ केशरी थापा मगरले १ घन्टा २१ मिनट २ सेकेन्डका निर्धारित दुरी पार गरी दोश्रो भइन भने सस्तिका भण्डारीले १ घन्टा ३२ मिनट ११ सेकेन्डमा निर्धारित दुरी पार गरी तेश्रो भइन् ।

प्रतियोगितामा नेपाल सहित जापान, अष्ट्रिया, पोल्याण्ड, काजाकिस्तान, भारत र बङ्गलादेश गरी सात राष्ट्रका पुरुष तर्फ ४० र महिला तर्फ २३ गरी ६३ खेलाडीहरुको सहभागिता भएको नेपाल ट्रायथलन सङ्घका केन्द्रीय अध्यक्ष निलेन्द्रराज श्रेष्ठले बताए । पौडी तर्फ फेवातालमा, साइक्लिङ र दौड गौरीघाट–शहीदचोक, मुस्ताङचोक, विरौटाचोक, ड्यामसाईड हुदैं राष्ट्रबैंकचोक हुदैं गौरीघाटमा सम्म निर्धारण गरिएको थियो ।

प्रतियोगितामा विजयी खेलाडीहरुलाई नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री महेश्वर जङ्ग गहतराज, सङ्घका अध्यक्ष श्रेष्ठ, राखेपका निमित्ति सदस्य सचिव कुल बहादुर थापा, गण्डकी प्रदेश सभाका अर्थ तथा विकास समितिका सभापति एवं संघका उपाध्यक्ष दीपक कोईराला, राखेपका सदस्य द्धय राजेश कुमार गुरुङ, गोविन्द भट्टराई, प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेज बहादुर गुरुङ, पोखरा उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष विश्वशंकर पालिखे लगायतले मेडल तथा प्रमारणप्रण वितरण गरे ।

यसैबिच उक्त प्रतियोगिताको उद्घाटन गर्दै यूवा तथा खेलकुद मन्त्री गहतराजले नेपालको पर्यटन प्रवर्द्धनमा खेलकुद गतिविधिले खेल पर्यटनको प्रबर्द्धन हुने बताए । कोभिड पश्चात पोखरा भएको उक्त प्रतियोगिताले पोखरा सहित नेपालमा घुमघामको वातावरण सहज भएको सन्देस समेत प्रवाह भएको उनले जनाए । आगामी वैशाख ३० गते स्थानिय तहको निर्वाचन पश्चात जेठ महिनामा नवौं संस्करणको राष्ट्रिय खेलकुद प्रतियोगिता प्रदेशको राजधानि पोखरामा हुने बताए । स्थानिय रुपमा तयारी अबस्थामा रहन खेल संघ खेलाडी प्रशिक्षक तथा पोखरेलीहरुलाई उनको आग्रह थियो ।

# तनहुँको थप्रेकमा ज्येष्ठ नागरिक स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

नेपाल रेडक्रस सोसाइटी थप्रेक उपशाखाको आयोजनामा शुक्लागण्डकी नगरपालिका वडा नं १ स्थित थप्रेक स्वास्थ्य चौकीमा ज्येष्ठ नागरिक स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

शुक्लागण्डकी नगरपालिका वडा नं १ को आर्थिक सहयोगमा गरिएको शिविरमा गण्डकी मेडिकल कलेज अर्घौका बरिष्ठ फिजिसियन डा.सुखबहादुर गुरुङ र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखराका हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा.बुद्धिराज गुरुङले ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गर्नुभएको थियो । उक्त अवसरमा थप्रेक स्वास्थ्य चौकी इन्चार्ज रियाज अन्सारीले रक्तचाप एवम् तौल परीक्षण गर्नुभयो भने अनमी ववित भट्टराई, अहेव वावुराम वाग्ले र उदय पगेनीले औषधी वितरणमा सहजीकरण गर्नुभएको थियो ।

उक्त शिविरमा १५० जनाको स्वास्थ्य परीक्षण गरिएको र करिब दुई लाख रुपैयाँ बराबरका औषधी वितरण गरिएको उपशाखाले जनाएको छ । कार्यक्रमका प्रमुख अतिथि नेपाल रेडक्रस सोसाइटी तनहुँका पूर्व कार्यबाहक सभापति डिल्लीराम अधिकारीले रेडक्रसका संस्थापक हेनरी ड्युनाले तत्कालीन समयमा लडाइमा परेका घाइतेको दयनीय अवस्था देखेर यो संस्था स्थापना गर्नुभएको स्मरण गर्नुभयो ।

शुक्लागण्डकी नगरपालिका वडा नं १ का वडा अध्यक्ष रविचन्द्र पौडेलले ज्येष्ठ नागरिकका सेवाका लागि वडा कार्यालयका तर्फबाट निरन्तर सहयोग गर्दै आएको बताउनुभयो । चिकित्सकद्वय सुखबहादुर गुरुङ र बुद्धिराज गुरुङले जन्मभूमिमा आएर निशुल्क सेवा गर्न पाउँदा खुसी लागेको बताउनुभयो । आगामी दिनमा पनि यस कार्यलाई निरन्तरता दिन इच्छुक रहेको उहाँले बताउनुभयो ।

उपशाखाका अध्यक्ष समशेरबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव ठाकुरप्रसाद खनालले गर्नुभयो भने स्वागत ममिता गुरुङले गर्नुभयो । उक्त शिविरमा ग्यालेक्सी हस्पिटल प्रा.लि., एकड फर्मासिटिकल्स लिमिटेड, वेष्ट फर्मासिटिकल्स, समर फर्मासिटिकल्स, इन्डोकोमी फर्मासिटिकल्स, कोरेल फर्मासिटिकल्स, सानवी फर्मासिटिकल्स, ट्र्युमेड फर्मासिटिकल्स, सुमी फर्मासिटिकल्स लगायतले औषधी सहयोग गरेका थिए ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा–८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१–५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने : शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो ।

–लेडस्टोन

## सम्पादकीय

# सधैं कमिसनको माग

सरकार र पेट्रोलियम व्यवसायीबीच ४ बुँदे सहमति जुटेसँगै पेट्रोलियम पदार्थको ढुवानी र बिक्रीवितरणको अवरोध हटेको छ। व्यवसायीले कमिसन र भाडा बढाउनुपर्ने माग गर्दै आन्दोलन थालेपछि काठमाडौं उपत्यकासहित देशैभर पेट्रोलिम पदार्थको अभाव देखिएको थियो । काठमाडौं लगायतका मुख्य शहरमा पेट्रोल पम्पमा शुक्रबारदेखि नै चर्को लाइन देखिन थालेको थियो । भारतले नाकाबन्दी लगाएको बेलाको जस्तो अवस्था देखिएको थियो । शनिबार समस्या समाधानका लागि नेपाल आयल निगमको पहलमा भएको दुई पक्षीय वार्तामा ४ बुँदे सहमति भएसँगै व्यवसायीले आन्दोलन फिर्ता लिएका छन ।

आन्दोलनरत नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसिएशन, नेपाल एलपीग्यास उद्योग संघ र नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघले सार्वजनिक गरेका सबै विरोधका कार्यक्रमहरू शनिबारदेखि स्थगन गरी पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको ढुवानी तथा बिक्री वितरणको कार्यलाई यथावत् रूपमा सञ्चालन गर्ने सहमति भएको छ। सरकार निकटका ब्यापारी पेट्रोल पम्पमा देखिने लामो लाइन र भनसुन गरेर पेट्रोलीयम पदार्थ लिने अवस्थाले ४ बुँदे सहमतिमा निगमको तर्फबाट उपाध्याय र व्यवसायीको तर्फबाट राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समितिका प्रवक्ता विश्वप्रसाद अर्यालले हस्ताक्षर गरेका छन् । निगमको केन्द्रीय कार्यालय, टेकुमा राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समितिले गत फागुन २३ मा निगम समक्ष पेस गरेको मागहरूका सम्बन्धमा गम्भीर छलफल भएको उपाध्यायको भनाइ छ।

वार्तापछि जारी विज्ञप्तिमा पेट्रोलियम विक्रेता कमिशन सम्बन्धी र एलपी ग्यासको ढुवानी भाडा समायोजन सम्बन्धी मागको सम्बन्धमा ७ दिनभित्र उचित निष्कर्ष निकाल्ने भनिएको छ। यस्तै अन्य पेट्रोलियम कारोबारसँग सम्बन्धित मागको सम्बन्धमा जेठ १५ सम्ममा सक्ने गरी आवश्यक कार्य गर्ने सहमति भएको छ। पेट्रोलियम पदार्थका उपभोक्ताहरूलाई सहज र सरल ढङ्गले पेट्रोलियम पदार्थ उपलब्ध गराउन निगमका सम्पूर्ण डिपो कार्यालयहरू आइतबार बिहान ८ बजेबाट नै सञ्चालन गरिने निर्देशन दिएका निगमले हाल गर्मीयाम सुरू भई सकेकाले अत्यन्त प्रज्वलनशील पेट्रोलियम पदार्थ आवश्यक परिमाणमा मात्र खरीद गर्न एवं अनावश्यक सञ्चिति नगर्न उपभोक्तामा अनुरोध गरेको छ।

गठबन्धन सरकारले जनताको आवश्यकता नबुझी चुनाव खर्च जुटाउन पनि पेट्रोलियम पदार्थको मूल्य बढाउँदै जाने त होइन भन्ने प्रश्न खडा भएको छानेपाल आयल निगमबाट सरकारले विभिन्न कर लगाएर मूल्य बढाउने काम गरेको छ। नेपाल आयल निगम घाटामा जाने बित्तिकै अन्य सुधारका काम नगरीकन मूल्य बढाउन हतार गरिन्छ ।आयल निगम घाटामा जाने वितिक्कै नेपाली जनतालाई बोझ थोपर्ने काम हुँदै आएको छ । गठबन्धन सरकारले पेट्रोलियम पदार्थको मूल्य बृद्धीमा रेकर्ड कायम राखेको छाअझै बढाउँदै जाने बाटोमा गठबन्धन सरकार पुगेको छ।

भारतीय आयल कर्पोरेशनलेनै नेपाल आयल निगमलाई पेट्रोलियम पदार्थको नयाँ मूल्यसूची पठाएको भन्दै मूल्य बढाउने गरिएको छ । प्रत्येक महिनाको १ र १५ तारिखमा पठाउने कर्पोरेशनले नयाँ मूल्यसूची पठाउउउएको बताइएको छ । निर्वाचनको लागि सबैको उत्तिको सहयोग चाहिन्छ । सरकार सबैको धारणा नबुझी चल्न खोज्दा अप्ठ्यारो आउन सकछाहतारमा निर्णय गरेर फुर्सदमा पछुतो मान्नुपर्ने अवस्था नआओस भनेर सबै गम्भीर हुनु आवश्यक छ।

# प्रा.डा.सुवेदी र क्रिकेटर मल्ललाई 'प्रतिभा सम्मान'

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ चैत**

साहित्यकार प्राध्यापक डा. अभि सुवेदी पोखरामा 'प्रतिभा विशेष व्यक्तित्व सम्मान'बाट सम्मानित भएका छन् । पोखरा नदीपुर स्थित प्रतिभा माध्यमिक विद्यालयले बर्षेनी प्रदान गदै आएको 'प्रतिभा वर्ष सम्मान' कार्यक्रम अन्तर्गत यस वर्ष सुबेदीलाई 'प्रतिभा विशेष व्यक्तित्व सम्मान-२०७८'बाट सम्मान गरिएको हो।

यसैगरी, नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्व कप्तान ज्ञानेन्द्र मल्ललाई 'प्रतिभा वर्ष सम्मान- २०७८' बाट सम्मान गरिएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायणप्रसाद पौडेल, विद्यालयका प्रबन्ध निर्देशक बलबहादुर थापा, सञ्चालक डा. राजेन्द्र चापागाईं, विद्यालयका प्राचार्य विश्वगोपाल पराजुली, निर्देशक किरण सापकोटालगायतले प्रा.डा.सुवेदी र क्रिकेटर मल्ललाई जनही एक लाखसहित ताम्रपत्र, खादा, माला र अवीर लगाएर सम्मान गरे।

प्रा.डा. सुवेदीले झण्डै ६० वर्षदेखि कला र साहित्य तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरुप सम्मान गरिएको विद्यालयले जनाएको छ। नेपाली तथा अङ्ग्रेजी भाषामा कविता रचना, साहित्य समीक्षा र नाटक लेखन गर्दै आएका छन् । विगत ५३ वर्षदेखि उच्च शिक्षा क्षेत्रमा प्राध्यापनरतसमेत छन्।

क्रिकेट खेलमा पुऱ्याएको विशिष्ट योगदानको कदर स्वरुप मल्ललाई सम्मान गरिएको विद्यालयले जनाएको छ। यसअघि, युवा क्रिकेटर सन्दीप लामिछाने, राष्ट्रिय भलिबलकी कप्तान अरुणा शाहीलाई खेल क्षेत्रमा पुऱ्याएको योगदानको कदर गरी जनही १ लाख राशीसहित सम्मान गरिसकिएको छ । एचआइभी संक्रमित भएर पनि सबैको प्रेरणाका श्रोत बनेका सगरमाथा आरोही गोपाल श्रेष्ठलाई पनि विद्यालयले सम्मान गरिसकेको छ। विद्यालयले सोहि विद्यालयकी छात्रा सीमा केसीलाई 'प्रतिभा रत्न सम्मान-२०७८'बाट सम्मान गरेको छ। 'वर्ल्ड इकोनोमिक कप' मा काश्य पदक जितेकी उनलाई विद्यालयले 'प्रतिभा रत्न सम्मान-



२०७८' बाट सम्मान गरेको हो । यस्तै, नेशनल ईकोनोमिक्स ओलम्पियाडमा गण्डकी प्रदेशबाट छनौट हुन सफल कुमार बराललाई पनि सम्मान गरेको छ।

कार्यक्रममा प्रमुख आमन्त्रित व्यक्तित्व प्रा.डा. अभि सुवेदीले विगत ५३ वर्षदेखि विद्यार्थीहरुलाई अगाडि राखेर मुख हेर्दै आएको बताउँदै ७५ वर्षको यो उमेरमासमेत पढाइरहेको बताए । प्रा.डा. सुवेदीले भने- 'अगाडि विद्यार्थी राखेर उनीहरूका मुख हेरेको ५३ वर्ष भएछ । यत्ति हो, अहिले जुम प्रविधिबाट हेरिरहेको छु । अहिले पनि विद्यार्थीकै अगाडि छु । २०६५ मा आएपछि अहिले दोस्रोपटक पोखराको प्रतिभाको आँगनमा टेकेँ । टिनको छानो थियो, भव्य भइसकेछ । विद्यालयको प्रगति देख्दा खुशी छु ।' शिक्षण पेशामा रहँदा खुशी पनि मिलेको र चित्त पनि दुखेको उनले सुनाए। 'शिक्षक नदी किनारको माझी जस्तै हुन् । तर्छन्, जान्छन्, माझी उहीँ रहन्छन्। शिक्षा र समय नदी हो, बगिरहन्छ। मेरो जिन्दगीभरको काममा खुशी छु, गर्व पनि छ। र, चित्त दुखेको पनि छ।' उनले भने- 'मैले पढाएका विद्यार्थीहरु सबै पदमा पुगे। देशका प्रधानमन्त्री पनि भए, शिक्षा मन्त्री, विदेश मन्त्रीहरु भए। चित्त दुखेको यहाँ हो । मैले जे अपेक्षा गरेँ । त्यो भएन।' ठट्यौली पारामा डा. सुवेदीले विद्यार्थीमाझ भने- 'मेरा विद्यार्थीहरू बुढा भए । म मात्रै उस्तै छु। विगत १० वर्षदेखि हरेक वर्ष ६५ औं वर्षदिन मनाइरहेको छु ।' उनले पोखरा सिर्जनशील व्यक्तिहरुको शहर रहेको पनि बताए । 'पोखरामा सिर्जनशील व्यक्तिहरूको जमघट राम्रो छ। धन सिर्जनशील काममा लगाउँछन् । संस्था बनाउँ भन्ने धारणा छ। यो संस्था उदाहरण हो। पोखरामा धेरै सम्भावना छ।' उनले भने - 'पढाई र सिर्जनशीलतामा भिन्नता छैन। कोहि पढ्छन्, कोहि नाच्छन्, गाउँछन्, खेल्छन्। सबैसँग आफ्ना प्रतिभा हुन्छन्। यसैमा केन्द्रीत रहँदै अघि बढ्नुपर्छ ।' उनले सम्मान थाप्ने बानी आफ्नो नरहेको भन्दै आजको दिन लाज हुने गरी प्रशंसा पाएको दिनका रुपमा चित्रित गरे।

यसै गरी सम्मानित क्रिकेटर ज्ञानेन्द्र मल्लले प्रतिभा माविको सम्मानले आफूलाई झनै राम्रो गर्न प्रेरित गरेको बताए । 'मलाई गरिएको सम्मान सम्पूर्ण खेलाडीलाई गरिएको सम्मानका रूपमा लिएको छु । यसले मलाई प्रेरणा मिलेको छ।' - मल्लले भने- 'कोहि पढाईमा, कोहि खेलकुदमा अब्बल छन्, सबै आफ्नै ठाउँमा अगाडि हुनुहुन्छ । र, प्रतिभामा तपाईहरु हुनुहुन्छ भविष्यको लागि सेफ ह्याण्डमा हुनुहुन्छ ।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण पौडेलले प्रतिभा मावि गण्डकी प्रदेशको अग्रणी शैक्षिक संस्थाका रुपमा स्थापित भएको बताए। पौडेलले उच्च प्रतिभाको मूल्यांकन गर्दै सम्मानलाई निरन्तरता दिने बताए।

विद्यालयका निर्देशक किरण सापकोटाले २०४३ मा स्थापित प्रतिभाले युग सुहाउँदो गुणस्तरीय शिक्षा प्रदान गरेकै कारण पोखराको उच्चा शिक्षामा प्रमुख आकर्षणको गन्तव्य बनेको बताए । साईन्स, म्यानेजमेन्ट र होटल मेनेजमेन्ट गरी १२ सय ४९ जना विद्यार्थी प्रतिभामा रहनु यसको पुष्टिको आधार रहेको उल्लेख गरे । 'शिक्षा र खेलकुद जोड्ने अभियान स्वरूप शिक्षा र खेलकुद क्षेत्रका अग्रणी व्यक्तित्वहरुलाई प्रतिभाको आँगनमा स्वागत गरी सम्मान गर्दै आएका छौं।' उनले भने - 'अब प्रतिभा तेर्सापट्टीकै कल्पना सिनेमा हल रहेको ८ रोपनी जग्गामा सुविधासम्पन्न भवनमा सारी भौतिक संरचनामा पनि नमूना विद्यालयका रुपमा रहनेछ । चाउथेमा २० रोपनी जग्गामा प्रतिभा स्पोर्टस् एकेडेमी सञ्चालन हुने छ। हरेक हिसाबमा प्रतिभा देशकै उत्कृष्ट विद्यालय हुनेछ।'

कार्यक्रममा २०७६ मा कक्षा १२ मा व्यवस्थापन संकायतर्फ नेपाल टपर सुरती पाण्डे, साईन्सतर्फ उत्कृष्ट हुने सराहना श्रेष्ठ, २०७७ मा साईन्स तर्फ उत्कृष्ट विद्यार्थी प्रमेश्वर अधिकारी, म्यानेजमेन्ट तर्फ एञ्जिला बडगामी, २०७८ मा साइन्सतर्फ सुप्रिया मल्ल र म्यानेजमेन्ट तर्फ सिमरन थापालाई प्रतिभा रत्न अवार्डसहित जनही २५ हजारले पुरस्कृत गरिएको थियो । सुरतीलाई यसअघि नै डेढ लाख नगदसहित सम्मान गरिसकिएको छ । विद्यालयबाट अध्ययन पूरा गरी कृषि, बन, नर्सिङ, फार्मेसी, बीबीए, सीए, ईञ्जिनियरिङ, एमबीबीएस पढाईमा पूर्ण छात्रवृत्ति प्राप्त गरेको दर्जनौं विद्यार्थीहरुलाई पनि सम्मान गरिएको थियो। कक्षा १२ का विद्यार्थी अस्मित भुषाललाई प्रतिभा कविको उपाधिसहित पुरस्कृत गरिएको छ।

विद्यालयको वार्षिक परीक्षा तथा वर्षभरी भएका विभिन्न खेलकुद प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय तथा सान्त्वना स्थान प्राप्त गरेका विद्यार्थीहरुलाई मेडल र प्रमाणपत्रद्वारा पुरस्कृत गरिएको थियो । च्याम्पियन सेक्शन घोषित भएकालाई शिल्ड प्रदान गरिएको थियो । हिसान कास्कीले आयोजना गरेको खेलकुदमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीलाई पनि पुरस्कृत गरिएको थियो। साथै, विद्यार्थीहरुले कविता, नृत्य लगायतका सांस्कृतिक कार्यक्रमसमेत प्रस्तुत गरेका थिए।

कार्यक्रममा विद्यार्थी विपिन सुवेदीले स्वागत र शिक्षक जीवनसागर भण्डारीले कार्यक्रम सञ्चालन गरेका थिए। विद्यालयले त्रिदिवसीय कार्यक्रम गरी पुरस्कार वितरण गरेको हो । पहिलो दिन विहीबार कक्षा नर्सरीदेखि १ सम्मका विद्यार्थी र दोस्रो दिन शुक्रबार कक्षा २ देखि १० सम्मका विद्यार्थीलाई पुरस्कृत गरिएको थियो।

# 'हिमालय बचाउ, नदी जोगाउ' अभियान

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १९ चैत**

मानवअधिकार तथा शान्ति समाजले 'हिमालय बचाउ, नदी जोगाउ' अभियान सञ्चालन गरेको छ । जलवायु परिवर्तन, विश्वव्यापी उष्णताबारे सचेतना जगाउन गोरखादेखि सुरु भएको अभियानअन्तर्गत शुक्रबार म्याग्दीको बेनी, बागलुङ र पर्वतको कुश्मामा सन्देशमूलक ऱ्याली र कोणसभा गरिएको छ।

'गुणस्तरीय स्वास्थ्य सेवा र वैज्ञानिक शिक्षा : सबैको अधिकार' भन्ने मूल नाराका साथ २१ जिल्लामा 'युद्ध निषेध : शान्ति विशेष' र लागुऔषध तथा दुर्व्यसनविरुद्ध अभियान सञ्चालन गरिने समाजका महासचिव रामकृष्ण बरालले बताउनुभयो।

मुस्ताङको जोमसोम, मुक्तिनाथ, कोरला नाका पुग्ने अभियानको टोली फर्किएर स्याङ्जा, पाल्पा, गुल्मी, अर्घाखाँची, तौलिहवा, भैरहवा, सुनवल, बर्दघाट र गैंडाकोट हुँदै चैत २५ गते चितवनमा समापन गरिने बरालले बताउनुभयो। प्रत्येक ठाउँमा तापक्रम वृद्धिले पारेको असर र न्यूनीकरणका उपायसम्बन्धी पर्चा वितरण, सडकमा ऱ्याली र कोणसभा गरिने समाजले जनाएको छ।

समाजका सभापति गोविन्द खनालले मानव जीवनसँग सम्बन्धित हिमाल र सभ्यतासँग जोडिएको नदीलाई जोगाउन नागरिक सचेत बन्नुपर्ने अवस्था आएको बताउनुभयो । "नदी जोगाउनका लागि हिमालय, वातावरण र पर्यावरण जोगाउन आवश्यक छ", उहाँले भन्नुभयो, "हाम्रा कुकर्मका कारणले हिमाल नाङ्गिँदै गएका छन् । यसले गर्दा हिमनदी सुक्ने, जलचर लोप हुँदै जाने स्थिति सिर्जना भएको छ।" शान्ति समाजका पूर्वसभापति उत्तम पुडाशैनीले विगतमा राजनीतिक परिवर्तन, मानवअधिकार र लोकतन्त्रका लागि लडेको समाजले पछिल्लो समय नागरिक अधिकारका मुद्दामा केन्द्रित भएको उहाँले बताउनुभयो।

# पशुपतिनाथको शैलीमा अकला मन्दिर पुन: निर्माण

**पोखरापत्र संवाददाता**
**दमौली, १९ चैत**

तनहुँको म्याग्दे गाउँपालिका-३ किल्चोकस्थित धार्मिक महत्व बोकेको अकलादेवी मन्दिर पुनर्निर्माण सकिएको छ।

पशुपतिनाथ मन्दिरको शैलीमा अकलादेवी मन्दिरको पुनर्निर्माण गरिएको हो । विसं २०७६ वैशाख १६ गतेदेखि पुनर्निर्माण थालिएको मन्दिरको काम हालै सम्पन्न भएको मन्दिर निर्माण समितिका अध्यक्ष रामभक्त घिमिरेले जानकारी दिनुभयो । रु ८० लाखको लागतमा मन्दिर निर्माण भएको छ । मन्दिरमा तामाको छानो राखिएको छ । छानो राख्नका लागि मात्रै रु १२ लाख भन्दा बढी खर्च भएको घिमिरेले बताउनुभयो।

यस ठाउँलाई धार्मिक पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने उद्देश्य सहित पूर्वाधार निर्माणको कामलाई पनि सुरु गरिएको छ। यहाँ शिवालय मन्दिर, मूल प्रवेशद्वार, वनभोजस्थल, हरित उद्यान, भजनकिर्तनको भवनका पूर्वाधार बनेका छन् । गण्डकी प्रदेश सरकार, म्याग्दे गाउँपालिका लगायतको सहयोगमा यहाँ पूर्वाधार निर्माणको काम गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राधिका पन्तले बताउनुभयो । मन्दिरलाई धार्मिक पर्यटनको केन्द्र बनाउने उद्देश्यसहित गुरुयोजना बनाइएको र गुरुयोजना बमोजिम नै मन्दिरको पुनःनिर्माण गरिएको बताइएको छ । मन्दिर पुनर्निर्माणका लागि समितिले महायज्ञ गरेर रु एक करोड सङ्कलन गरेको थियो।

प्रशस्त सम्भावना भएर पनि प्रचारप्रसारको अभावमा यो मन्दिर ओझेलमा पर्दै आएको महशुस भएपछि सरोकारवाला निकायको सहयोगमा यस ठाउँको विकास र प्रचारप्रसारका लागि स्थानीयवासी जुटेका छन् । अकलादेवी खुशी भएको बेला मन्दिरभित्र रहेको घण्ट आफै हल्लिने र बज्ने गरेको स्थानीयवासीको भनाइ छ। देवी प्रशन्न भएको अवस्थामा रातिको समयमा घण्ट बज्ने गरेको स्थानीयवासी बताउँछन्।

विसं २०४२ सालदेखि मन्दिरमा शङ्ख र घण्ट बजेको सुनिन थालेको स्थानीयवासी बताउँछन् । त्यो बेला तत्कालिन प्राज्ञ पण्डित गङ्गाधर घिमिरे लगायतले स्थानीयवासीले यस बारेमा जानकारी गराएपछि यो दैवीशक्ति हो यसको संरक्षणका लागि काम शुरु भएको थियो।

विसं २०५५ सालमा मन्दिरमा योगी नरहरीनाथले ८५ औं कोटी होम लगाउनुभएको थियो। यस क्षेत्रमा धार्मिक शक्ति भएको कारणले नरहरीनाथले यहाँ कोटीहोम लगाउनुभएको थियो । अकला मन्दिरको बाहिर पुरानो आदिकालदेखिको सिंह र नन्दिनी अर्थात साढेको स्तम्भ छ। उक्त प्रतिमा निकै पुरानो रहेको अनुमान छ । मन्दिर नजिकै पञ्चवली दिने स्थान र हवनकुण्ड पनि छ। अकलादेवी मन्दिरको दक्षिण पश्चिममा रुद्रदेवीको मन्दिर छ । अकलादेवी र रुद्रदेवीको महिमाको लागि वर्षमा चार वटा रुद्री लगाउने गरिन्छ। यस ठाउँमा हरेक वर्ष वैशाख, साउन, कात्तिक र माघमा रुद्री लगाउने प्रचलन रहिआएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## अर्जेन्ट चाहियो
**अफिसको लागि**
साधारण लेखपढः ३ जना
SLC, + 2 above : ५ जना
तलबः आर्कषण
सम्पर्कः
९८१५१५७८०२
९८४६६४७६२७

**उन्नत जातको बंगुरको पाठा चाहिएमा हामीलाई सम्झनुहोला ।**
सम्पर्कः
९८०६६३०११४
९८१९१९९३८१


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २ मा जयमुल मार्गदेखि धारापानी मार्गको उकालो र भोला पौडेलको घरसम्मको बाटो निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः जयमुल मार्गदेखि धारापानी मार्गको उकालो र भोला पौडेलको घरसम्मको बाटो निर्माण
स्थानः पोखरा-२ कास्की
योजना सुरु हुने मितिः २०७८/०९/२० गते
योजना सम्पन्न मिति : २०७८/१२/३० गते
योजनाको कुल लागत : रु. ८,५६,५१५/६३
महानगरपालिकाबाट विनियोजित रकम : रु.५,९९,५६०/९४
उपभोक्ता समितिबाट : रु.२५६९५४/६३
उपभोक्ता समिति अध्यक्षः ओमनाथ तिमिल्सिना

**जयमुल मार्ग टोल विकास संस्था उपभोक्ता समिति**
पोखरा-२ कास्की

